संघीय संसद
राष्ट्रिय सभा
बाह्रौं अधिवेशन
बैठक - ४२
सूचनापत्र -२
(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ११:०० बजे*
*बैठक स्थगित : ११:५१ बजे*

२०७९ साउन १२, बिहीबार (पहिलो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **बयालिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **बिहान ११:०० बजे** प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्नका लागि समय उपलब्ध गराउनुभयोः

**माननीय अनिता देवकोटा**ले कर्णाली प्रदेशको घोराही तुल्सिपुरको ४ लेनको सडक निर्माणका लागि भारतीय ठेकेदारलाई दिइएको म्याद सकिएको र सोको कारण उक्त मार्ग समयमै निर्माण सम्पन्न नहुँदा मृत्यू मार्ग भएकाले यस समस्या समाधानका लागि सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय खिमलाल देवकोटा**ले पोखरा महानगरपालिकाका पूर्व नगरप्रमुखले आफु सिकिस्त बिरामी हुँदा समेत उपप्रमुखलाई अधिकार प्रत्यायोजन नगरेको तथा भूमाफियासँगको मिलेमतोमा सार्वजनिक जग्गा अतिक्रमणको गरेको बारेमा एक समाचार पत्रमा प्रकाशित समाचारको बारेमा ध्यानाकर्षण गराउनुहुँदै पोखराको फेवाताल क्षेत्रको संरक्षणको लागि सरकार समक्ष माग गर्नुभयो ।

**माननीय दिल कुमारी रावल थापा (पार्वती)** ले अष्ट्रेलियाको मेलवर्नमा भइरहेको IPS को सैन्य तालिममा नेपालका प्रधान सेनापति सहभागि भइरहेको समाचार बहिरिएको सम्बन्धमा सभाको ध्यानाकर्षण गराउनुहुँदै यस सम्बन्धमा सरकारको जवाफ माग गर्नुभयो । उहाँले कोभिड सङ्क्रमणका नयाँ भेरियन्ट बढेको तथा भ्याक्सिनको प्रयोग अवधि सकिरहेको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय नन्दा चपाईं**ले कर्णलीमा वर्षातको कारण सुर्खेतको तल्लो तटीय क्षेत्र डुबानाको जोखिमको कारण उक्त क्षेत्रको जनता त्रासपूर्ण जीवन व्यतित गरिरहेकाले सो क्षेत्रको समस्या समाधानका लागि सरकार समक्ष माग गर्नुभयो ।

**माननीय प्रकाश पन्थ**ले SEE परीक्षामा उत्तीर्ण सबैलाई बधाई प्रदान गर्नुहुँदै शिक्षाको गुणस्तर खस्केको सम्बन्धमा शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय महेश कुमार महरा**ले त्रिपुरेश्वरको राहदानी विभागमा विचौलियको बिगबिगी रहेको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय सिंग बहादुर विश्वकर्मा**ले तातोपानी नाकामा जोडिएको कोदारी राजमार्ग वर्षाको कारण सडक भासिने समस्या रहेको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **"शून्य समय"** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको

जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिल कुमारी रावल थापा (पार्वती) लाई "राष्ट्रिय गौरवका आयोजना अध्ययन प्रतिवेदन, २०७९" सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभएपश्चात् माननीय समितिका सभापतिले उक्त प्रतिवेदन पेश गर्नुभयो।

त्यस लगत्तै सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६" लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभएपछि राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले उक्त विधेयक टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित प्रतिनिधि सभामा पठाइएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९" का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराउन समय उपलब्ध गराउनुभएपछि राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले उक्त जानकारी सभा समक्ष गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईलाई "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईले प्रस्तुत गर्नुभएको "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै त्यस क्रममा विधेयक उपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग सम्बन्धित आनुषंङ्गिक दफाहरूमा मात्र छलफल हुने व्यहोरा समेत जानकारी गराउनुभयो । लगत्तै सम्माननीय अध्यक्षले उक्त छलफलमा भाग लिन कुनै पनि सदस्यको नाम प्राप्त नभएको जानकारी गराउनुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीलाई "ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीले प्रस्तुत गर्नुभएको "ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै त्यस क्रममा विधेयक उपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग सम्बन्धित आनुषंङ्गिक दफाहरूमा मात्र छलफल हुने व्यहोरा समेत जानकारी गराउनुहुँदा उक्त छलफलमा देहायका माननीय तुलसा कुमारी दाहालले भाग लिनुभयो।

त्यस लगत्तै सम्माननीय अध्यक्षले उक्त छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै उक्त छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीलाई जवाफ दिन समय उपलब्ध गराउनुभयो ।

तदुपरान्त माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीले उक्त छलफलमा उठेका प्रश्नको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले "ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको तर्फबाट माननीय गृह मन्त्री बालकृष्ण खांणलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "शपथ सम्बन्धी विधेयक, २०७८ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा भएको जानकारी गराउनुभयो ।

तत्पश्चात सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "शपथ सम्बन्धी विधेयक, २०७८" माथि छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा कुनै पनि माननीय सदस्यले उक्त छलफलमा भाग लिनुभएन ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले "शपथ सम्बन्धी विधेयक, २०७८" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ५ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले "शपथ सम्बन्धी विधेयक, २०७८" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ५ सम्म उल्लिखित संशोधनहरू "शपथ सम्बन्धी विधेयक, २०७९८ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुभई उल्लिखित संशोधनहरू सर्वसम्मतिले "शपथ सम्बन्धी विधेयक, २०७८" को अङ्ग बनेको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि १० सम्मका दफाहरू र अनुसूची "शपथ सम्बन्धी विधेयक, २०७८ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको समर्थन प्राप्त भएकाले विधेयकको दफा २ देखि १० सम्मका दफाहरू र अनुसूची सर्वसम्मतिले "शपथ सम्बन्धी विधेयक, २०७८" को अङ्ग बनेको घोषणा गर्नुभयो ।

तत्पश्चात सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम देहाय बमोजिम पढेर सुनाउनुभयो।

"प्रस्तावना: सार्वजनिक पदधारण गर्ने व्यक्तिले पद तथा गोपनीयताको शपथ लिने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "शपथ सम्बन्धी ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम "शपथ सम्बन्धी विधेयक, २०७८ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट समर्थन प्राप्त भएकाले विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "शपथ सम्बन्धी विधेयक, २०७८" को अङ्ग बनेको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको तर्फबाट माननीय गृह मन्त्री बालकृष्ण खांणलाई "शपथ सम्बन्धी विधेयक, २०७९ लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **सोही दिन १२:२५ बजे** बस्ने गरी सो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव